# प्रदेश राजपत्र

बागमती प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ५) हेटौंडा, मकवानपुर, असार २० गते, २०७८ साल (अतिरिक्ताङ्क ४

## भाग २

प्रदेश सरकार

## आर्थिक मामिला तथा योजना मन्त्रालय

बागमती प्रदेश, हेटौंडाको

## सूचना

**प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) नियमावली, २०७८**

प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले प्रदेश आर्थिक कार्यविधि ऐन, २०७४ को दफा ६३ ले दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले देहायका नियमहरु बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यी नियमहरुको नाम "प्रदेश आर्थिक कार्यविधि (पहिलो संशोधन) नियमावली, २०७८" रहेको छ।

(२) यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ।

२. **"प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६" को नियम ३४ मा संशोधनः** "प्रदेश आर्थिक कार्यविधि नियमावली, २०७६" (यस पछि मूल नियमावली भनिएको) को नियम ३४ को सट्टा देहायको नियम ३४ राखिएको छः-

"३४. **आर्थिक वर्ष समाप्त हुनुअघि भुक्तानी निकासा बन्द गर्नु पर्नेः** (१) कार्यालयले विनियोजन ऐनले फ्रिज नहुने भनी तोकेको शीर्षकको रकम बाहेक भुक्तानी दिनु पर्ने अन्य रकम आर्थिक वर्ष समाप्त हुनुभन्दा कम्तीमा सात दिन अगावै भुक्तानी दिई निकासा र खर्चको लेखा अद्यावधिक गरी भुक्तानी निकासा बन्द गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिमको अवधि समाप्त भएपछि कार्यालयलाई कार्यक्रम संशोधन भई थप बजेट प्राप्त भएमा, खर्चको स्रोत परिवर्तन भएमा वा अति आवश्यक काम परी खर्च गर्नु परेमा त्यस्तो खर्च पुष्टयाइँ गर्ने बिल, भरपाई, बजेट थप भएको प्रमाण र अन्य कागजात सहित प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयमा पेश गरी भुक्तानी निकासा माग गर्न सकिनेछ । त्यसरी भुक्तानी निकासा माग भई आएमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले प्राप्त बिल, भरपाई र सोसाथ संलग्न कागजात परीक्षण गर्दा भुक्तानी निकासा दिन आवश्यक देखेमा सम्बन्धित व्यक्ति वा फर्मको नाममा भुक्तानी निकासा दिनु पर्नेछ ।

तर प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले बिल, भरपाई र

संलग्न अन्य कागजात परीक्षण गर्दा भुक्तानी निकासा दिन नमिल्ने देखेमा सो कुरा जनाई भुक्तानी आदेश सम्बन्धित कार्यालयमा फिर्ता पठाउनु पर्नेछ।

(३) उपनियम (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि हिसाब मिलान गर्ने तथा खर्च लेखी राजस्व खातामा रकम जम्मा गर्ने प्रयोजनमा बाहेक आर्थिक वर्षको अन्तिम दिन भुक्तानी निकासा दिइने छैन ।

(४) प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयबाट असार मसान्तसम्म जारी भएको चेक वा विद्युतीय कोषको भुक्तानी कुनै कारणले पन्ध्र दिनभित्र नसाटिएमा वा भुक्तानी पाउनेको खातामा रकम जम्मा नभएमा सम्बन्धित कार्यालयबाट निकासा र खर्च घटाई भुक्तानी आदेश सहित साउन एक्काइस गतेभित्र प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयमा निकासा र खर्च समायोजनको लागि पठाउनु पर्नेछ ।

(५) कार्यालयले उपनियम (४) बमोजिम निकासा र खर्च घटाई सकेपछि वार्षिक आर्थिक विवरण तयार गरी प्रमाणित गर्नको लागि प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयमा पेश गर्नु पर्नेछ ।

(६) उपनियम (१) बमोजिम कार्यालयले लेखा अद्यावधिक राखे वा नराखेको र आवश्यक विवरण तयार गरे वा नगरेको सम्बन्धमा प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले निरीक्षण गर्न सक्नेछ । यसरी निरीक्षण गर्दा

लेखा अद्यावधिक राखेको नदेखिएमा तुरुन्त अद्यावधिक गर्न लगाई सोको जानकारी तालुक कार्यालय र प्रदेश लेखा नियन्त्रक कार्यालयलाई दिनु पर्नेछ।

(७) प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयले आर्थिक वर्ष समाप्त भएको तीन दिनभित्र भुक्तानी हुन बाँकी चेकको विवरण सम्बन्धित बैंकमा पठाउनु पर्नेछ। बैंकले प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयबाट प्रमाणित विवरण अनुसारको चेकको मात्र भुक्तानी दिनु पर्नेछ ।

(८) प्रदेश सरकारबाट स्थानीय तह वा अन्य निकायलाई चालु आर्थिक वर्षमा खर्च गर्ने र खर्च हुन नसकेको रकम फिर्ता हुने शर्तमा निकासा भई गएको अवस्थामा त्यस्तो निकासा प्राप्त गर्ने निकायले आर्थिक वर्षभित्र निकासा र खर्चको लेखा अद्यावाधिक गरी बाँकी रहेको रकम जुन निकायबाट निकासा भई गएको हो सोही निकाय मार्फत प्रदेश लेखा नियन्त्रक कार्यालय वा सम्बन्धित प्रदेश लेखा नियन्त्रक इकाई कार्यालयमा फिर्ता गर्नु पर्नेछ ।"

३. **"मूल नियमावलीको नियम ११८ मा संशोधनः** मूल नियमावलीको नियम ११८ मा रहेको अवधिपछि "तीस" भन्ने शब्दको सट्टा "पन्ध्र" भन्ने शब्द राखिएको छ ।

**आज्ञाले,**
**डण्डुराज घिमिरे**
**प्रदेश सरकारको सचिव**



आन्तरिक मामिला तथा कानून मन्त्रालय, बागमती प्रदेश, हेटौंडामा मुद्रित।
मूल्य रु.५।-